क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ८९, २०८२ भदौ २६ गते बिहिबार (11 Sep., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक

## उच्छृंखल गतिविधि भए खबर गर्न सेनाको आग्रह, यो हो हेल्पलाइन

नेपाली सेनाले उच्छृंखल गतिविधि भए खबर गर्न हेल्पलाइन नम्बर दिएको छ। देशका विभिन्न भागमा सार्वजनिक र निजी सम्पत्तिमाथि तोडफोड गर्नेहरूमाथि कारबाही गर्न सबै सुरक्षा निकाय र आन्दोलनरत समूहका साथ सेना अघि सरेको छ।

आफ्नो घर वरपर कुनै उच्छृंखल क्रियाकलाप भएमा तत्काल खबर गर्न सेनाले अनुरोध गरेको छ। जसका लागि नेपाली सेनाको हेल्पलाइन नम्बर ०१-५९७९००० नम्बर दिएको छ।

### जंगीअड्डामा जेनजी प्रतिनिधि विभाजित

# गणतन्त्र सुधार वा राजतन्त्र फर्काउने बहस

**-पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २५ भदौ**

जंगीअड्डामा आफूहरुको माग सुनाउन गएका जेनजी प्रतिनिधि नै विभाजित भएका छन्। १५ जनाभन्दा बढीको संख्यामा नेपाली सेनाको मुख्यालय प्रवेश गरेका उनीहरु देशको भविष्य गणतन्त्र वा राजतन्त्र के हुने भन्नेमा विभाजित भएका हुन्।

जंगीअड्डामा चलिरहेको छलफलबाट बाहिर निस्किएकी रक्षा बमले 'आन्दोलनको न्यूनतम मर्मविरुद्ध छलफल अघि बढाइन थालेपछि आफू र केही साथीहरु बाहिरिएको' भनेकी छन्। स्रोतका अनुसार, उनको संकेत छलफलमा राजतन्त्र फर्काउने प्रस्ताव गरिएको सन्दर्भमा हो।

सैनिक स्रोतका अनुसार, बुधबार जंगीअड्डा पुगेका जेनजी प्रतिनिधिलाई सुरुमा प्रधानसेनापति अशोकराज सिग्देलले धेरैजना वार्तामा बस्दा कठिनाइ हुने भन्दै पहिले एकमत भएर आउन समय दिएका थिए। सेना प्रमुख सिग्देलले जेनजीतर्फबाट वार्ताका लागि संयोजक समेत तोकेर आउन भनेका थिए।

त्यसपछि जंगीअड्डाभित्रै एउटा हलमा जनेजी प्रतिनिधिहरु कुराकानीका लागि बसेका थिए। त्यसक्रममा जेनजी प्रतिनिधि स्पष्ट दुई कित्तामा बाँडिएका थिए। स्रोतका अनुसार, एउटा पक्षले संघीयता र धर्मनिरपेक्षता हटाउनुपर्ने भन्दै राजा फर्काउनुपर्ने प्रस्ताव गरेका थिए। अर्को पक्षले चाहिँ जेनजीले गणतन्त्रको विकल्प नखोजेको भन्दै यसका नेताहरुको शैलीप्रति आन्दोलन लक्षित भएको जिकिर गरेका थिए।

'यो व्यवस्था विरुद्धको आन्दोलन थिएन, यही व्यवस्थाबाट निकास दिने हो। हामीले यसलाई नै सुधार्दै जाने हो,' वार्तामा सहभागी एक जेनजी युवाले भने, 'तर, गणतन्त्रलाई नै सुधार गर्दै जाने पक्षमा बोल्दा राजावादी पक्षमा रहेकाहरुले रोके।'

त्यहीबेला गणतन्त्रवादी जेनजी प्रतिनिधिहरुले चाहिँ स्वतन्त्र र स्वीकार्य व्यक्तिको नेतृत्वमा नागरिक सरकार गठन हुनुपर्ने मत राखेका थिए।

'शहीद परिवार, आन्दोलनका घाइते जस्तालाई पनि प्राथमिकता दिनुपर्‍यो भन्ने कुरा थियो,' स्रोतले भन्यो, कतिपय सन्दर्भमा छलफल व्यक्तिगत विषयहरुमा समेत प्रवेश गर्‍यो।'

स्रोतका अनुसार, सानो संख्यामा रहेका जेनजी रहेका युवाले अहिलेकै संसद्बाट निकास निकाल्नुपर्ने मत समेत राखेका थिए। तर, अधिकांशले त्यो



प्रस्तावलाई अस्वीकार गरेको स्रोतको दाबी छ। स्रोतका अनुसार, नेपाली सेनाले चाहिँ अहिले वार्ता चलिरहँदा रास्वपा र दुर्गा प्रसाईं समेट्न खोजेको छ।

'यी दुई पक्षलाई बाहिर राखेर अघि बढ्दा भोलि फेरि समस्या हुनसक्ने भएकाले कुनै न कुनै रुपमा उहाँहरुको कुरा पनि सुनियोस् भन्ने हो,' सैनिक स्रोतले भन्यो, 'भोलि फेरि कुनै पनि हिसाबले समस्या नबल्झियोस् भन्ने हो।'

नेपाली सेनाका उच्च अधिकृतहरुले भने संवादबाटै समस्याको समाधान निकाल्नुपर्ने बताइरहेका छन्। त्यसका लागि सेनाले सहजीकरण मात्र गर्ने उनीहरुले बताएका छन्। सैनिक मुख्यालयमा भएको छलफलपछि एककिसिमको एकमत बनाएर राष्ट्रपति कहाँ संवाद हुने सैनिक अधिकारीहरु बताउँछन्।

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले समेत मंगलबार अपराह्न सामाजिक सञ्जालमार्फत सेना प्रमुखसँग वार्ता गर्न तयार हुनुस् भन्दै त्यसका लागि संसद् चाहिँ विघटन भएको हुनपर्ने उल्लेख गरेका थिए। 'अब तपाईंको पुस्ताले नै देशको नेतृत्व गर्नुपर्नेछ, तयार रहनु होला,' उनले भनेका थिए। यसपछि राष्ट्रपति कार्यालयले विज्ञप्ति जारी गर्दै जेनजी समूहलाई वार्तामा आउन आह्वान गरेको थियो।

त्यसक्रममा धेरै समूहले आफूहरु जेनजीको प्रतिनिधि भएको भन्दै राष्ट्रपति कार्यालय र नेपाली सेनासँग सम्पर्क गरेका थिए। 'नेतृत्व नभएका कारण जो कोहीले दाबी गर्दै सम्पर्क गर्न थाले, त्यसक्रममा वार्ता गर्ने ठाउँमा बस्नेको संख्या धेरै भयो,' एक जेनजी युवाले भने, 'त्यही कारण अहिले मतभेद देखिएको हो, तर यसलाई सच्याउनुपर्छ, हामीले गणतन्त्रको विकल्प खोजेका होइनौं।'

भ्रष्टाचारविरुद्ध जेनजीले सामाजिक सञ्जालमा आक्रोश पोखिरहेका बेला सरकारले फेसबुक, एक्ससहित २५ सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएको थियो। त्यसपछि 'नेपोनेविज' अभियान चलाइरहेका युवाले सडक प्रदर्शन घोषणा गरेका थिए।

सोमबार भएको प्रदर्शनका क्रममा प्रहरीले अत्यधिक बल प्रयोग गर्दा कम्तिमा १९ जना मारिएका थिए, २०० भन्दा बढी घाइते भए। मंगलबार प्रशासनको कर्फ्यूबीच प्रदर्शनकारी सुरक्षा घेरा तोडेर बानेश्वरस्थित संसद् भवन प्रवेश गरेका थिए। संसद् भवनमा आगजनी भएपछि जेनजी युवा नाराबाजीसहित अन्यत्र हिँडेका थिए।

पछि मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत लगायतका स्थानमा समेत आगजनी भयो। तनावको स्थिति सिर्जना भएपछि अपराह्न सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालयले विज्ञप्ति जारी गरेर 'विषम परिस्थितिमा देशको ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक र राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु हामी सबैको साझा दायित्व' भएको बताएको थियो।

# राजनीतिक समूहको प्रवेशपछि बिच्किए जेनजी, सेनासँगको छलफलमा के भयो ?

**-पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २५ भदौ**

लामो समयको छलफल र परामर्शपछि जेनजी आन्दोलनको घोषणा गर्ने समूहका प्रतिनिधिहरू पुरुषोत्तम यादव र रक्षा बमको समूह जंगी अड्डामा नेपाली सेनासँग छलफल गर्न प्रवेश गरे।

यादव र बम समूहसहितका करिब ५० जना प्रतिनिधिहरू सो छलफलमा सहभागी थिए। आज रातिको करिब साढे ७ बजेसम्म भएको छलफल ठोस निष्कर्षमा पुग्न सकेन। कारण थियो सो बैठकमा राजावादी, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले प्रस्ताव गरेको गैर जेनजी समूहका प्रतिनिधिहरूको नाम र दुर्गा प्रसाईंको 'इन्ट्री'।

लामो समयसम्म चलेको सो छलफलकैबीच यी पात्रहरूको प्रवेशले रक्षा बमको समूह बिच्किए। र छलफल बिचमै छाडेर बाहिरिए। बैठकमा सहभागी एक प्रतिनिधिका अनुसार मङ्गलवार रातिदेखि बिहानको ३ बजेसम्म नेपाली सेनासँग भएको छलफल अनुसार नै थप साथी लिएर आज पनि छलफल गरिएको हो।

'बुधबार बिहानको ३ बजेसम्म भएको छलफल अनुसार नै हामीले दिउँसोको छलफल डाँकिएका थियौँ, हामी छलफलमा पनि बसे तर केही गैर जेनजी समूह र राजनीतिक समूहको प्रवेशले हाम्रो केही साथीहरू बिच्किए' उनले भने 'छलफलबाट बाहिरिएका साथीहरू पनि समूहमै थप छलफलमा हुनुहुन्छ, सम्भवतः उहाँहरू पनि एउटा धारण तय गर्नुहुन्छ।'

### समूहको तीन प्रस्ताव, तीनै प्रस्तावमा 'आर्मीको ग्रीन सिग्नल'

सहभागी प्रतिनिधिका अनुसार छलफलकै सुरुमा संसद् विघटन र अन्तरिम सरकारसँगै निर्वाचन मितिको समेत घोषणाको प्रस्ताव 'आर्मी' समक्ष राखिएको थियो। जेनजी समूहका संयुक्त प्रतिनिधिहरूको सहमतिमा प्रतिनिधि शिव यादव, पुरुषोत्तम यादव र रक्षा बमले समूहको सामूहिक प्रस्ताव अघि सारिएको स्रोत दाबी छ।

'पहिलो संसद् विघटन, दोस्रो अन्तरिम सरकारको घोषणा र तेस्रो निर्वाचनको मिति घोषणा मुख्य मागहरूको रूपमा अघि सारिएको छ, नेपाली सेनाका प्रमुखले सकारात्मक रूपमै लिनुभयो' नेपाल प्रेससँगको कुराकानीमा उनले भने 'बिच्किएका केही साथीसँग शिव यादव जीले आफैले छलफल गरी सकारात्मक बनाए।'

### बालेनको 'नो', सुशीलाको 'इन्ट्री' र कुलमानमा अन्यौलता

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र साह 'बालेन' ले अन्तरिम सरकारको नेतृत्व लिन अस्वीकार गरेको सहभागी प्रतिनिधिको दाबी छ।

उनका अनुसार अन्तरिम सरकारको नेतृत्वको खोजीमा मेयर बालेन साहले अस्वीकार गर्दा बैठक टुङ्गोमा पुग्न नसकेको बताए। अनि मात्रै सुशीला कार्की, कुलमान घिसिङ लगायत अन्य अन्यको नाम प्रस्ताव भएको थियो। 'सुरुमा मेयर साहकै नाम अघि सारिएको थियो', उनले अस्वीकार गरे 'अनि अन्यको नामको लागि भर्जअुल बैठकमा भोटिङ भएको हो।' तर पनि सुशीला जी बाहेक सर्ट टर्मका लागि अरू प्रस्तावित मुख्य पात्रहरू खासै सकारात्मक नदेखिएको उनले बताए।

### अरूसँगको सल्लाहमा हामी नकारात्मक छैनौं :शिव यादव

नेपाली सेनाले शान्ति सुरक्षाका लागि विभिन्न समूहसँगको कुराकानी गर्नुलाई अस्वामिक नमानेको जेनजी समूह (सुरुमा आन्दोलन घोषणा गर्ने समूह) का प्रतिनिधि शिव यादवले बताएका छन्।

लामो समयको प्रयासपछि नेपाल प्रेसको सम्पर्कमा आएका उनले मुलुक शून्य अवस्थामा रहेको शान्ति सुरक्षाको कमान्ड नेपाली सेनाले लिएको र अरू फरक फरक समूहसँगको छलफललाई अस्वाभाविक र नकारात्मक लिनु नहुने बताए। उनका अनुसार सबैसँग छलफल गरी थप क्षति हुन् नदिने पक्षमा हामी र नेपाली सेना रहेकोमा यसमा नकारात्मक आफूहरू नरहेको तर्क गरे।

छलफलकोबीचमै रक्षा भण्डारी सहितका समूह किन बाहिरिए ? भने नेपाल प्रेसको प्रश्नमा उनले भने, 'सबैको आ-आफ्नो विषय हुन्छ, फरक-फरक समूहको प्रवेश सबैलाई व्यक्तिगत रूपमा पनि राम्रो नलाग्न सक्छ, यद्यपि मुख्य प्रस्तावहरूमा उहाँहरूको पनि सहमति छ।'

उनले थप कुरा भन्दै भने 'भजुर्अल मिटिङ थियो उतापनि उहाँलाई हेर्नुपर्ने थियो, सबै समूहका साथी एउटा निश्चित बिन्दु र टुङ्गो जाडै पग्नुहुन्छ।' त्यस्तै प्रतिनिधि शिव यादवले आफूहरूको मुख्य एजेन्डाबाट पछि नहटेको र नहट्ने बताए। उनले संसद् विघटन, अन्तरिम सरकारको घोषणा र निर्वाचनको मिति घोषणा उहाँहरूको मुख्य माग रहेको बताए। अब छिट्टै हामीले कसको नेतृत्वमा अन्तरिम सरकार गठन गर्ने विषय पनि टुङ्गो लगाउने छौं।

### बालेनको प्रस्तावः सुशीला कार्कीको नेतृत्वमा चुनावी अन्तरिम सरकार

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले राष्ट्रपति रामचन्द्र पौडेलाई अन्तरिम सरकारको गठन र संसद्को विघटन गर्न सुझाव दिएका छन्। जेन-जीले ल्याएको क्रान्तिलाई संरक्षण गर्न अविलम्ब अन्तरिम सरकारको गठन र संसद्को विघटनको सुझाव दिएका हुन्।

देश अन्तरिम सरकारमा जाँदै छ, जसले देशमा नयाँ चुनाव गराउनेछ। यो अन्तरिम सरकारको काम भनेको चुनाव गराउने,देशलाई नयाँ जनादेश दिने हो उनले लेखेका छन्। अन्तरिम र चुनावी सरकारको नेतृत्व गर्नका पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीप्रति समर्थन समेत उनले जनाएका छन्।

# हस्तकलाका सामग्री बनाउने सीपमा धनी थारू समुदाय

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २५ भदौ**

थारू समुदाय परम्परागत सीपमा धनी छ। पुर्खौंदेखि थारू समुदायले जोगाउँदै ल्याएका परम्परागत हस्तकलाका सामग्री व्यवसायीकरण हुनसकेका छैनन्।

बाँस, मून्ज, घाँस, सनपाट, माटोलगायत स्थानीय कच्चा पदार्थबाट उत्पादन हुने यी सामग्री ग्रामीण जीवनशैलीसँग दैनिक रूपमा जोडिएका छन्। थारू समुदायले आज पनि डेल्वा, ढक्या, पनछोपनी, छिटुवा, छतरी, पङ्ख, सुप्पा, मच्या, खन्ध्री, भौंका, गाग्री, करुवा, सुराही, गुन्द्री, मौनी, डोरी, सिकहरलगायत सामग्री प्रयोगमा ल्याइरहेका छन्।

यी मौलिक सामग्री उत्पादन गर्ने सीप पुस्तान्तर भए पनि व्यावसायिक ज्ञान, लगानी र बजार पहुँचको अभावमा लोप हुँदै गएका समुदायका अगुवा नरेन्द्रप्रसाद चौधरीले बताए। "परम्परागत सीपलाई उत्पादन र बजारसँग जोड्न सकिने हो भने हजारौँ परिवारलाई रोजगारी दिन सकिन्छ", उनले भने, "व्यावसायिक सोच र अनुभव नहुँदा सम्भावनामा मात्र सीमित भएको छ।" अहिले केही थारू युवायुवती मौलिक सामग्री बनाउने व्यवसायतर्फ आकर्षित हुन थालेका स्थानीय बताउँछन्।

हस्तकलाको व्यवसायीकरणतर्फ उहाँहरूको चासो न्यून छ। निर्मित सामग्री बजारसम्म पुर्याउन नसक्दा पुस्तान्तरण हुँदै आएको सीप घरभित्रै सीमित बनेको छ।

शुक्लाफाँटा नगरपालिकाको उद्योग शाखा प्रमुख धनबहादुर चौधरीका अनुसार परम्परागत हस्तकलाबाट बनेका वस्तुहरू बजारको मागअनुसार परिमार्जन गर्न सके आकर्षक आयआर्जनको स्रोत बन्न सक्छन्। "थारू महिलामध्ये आधकांश परम्परागत चोल्या, लेहङ्गा र अन्य कपडा बनाउन सिपालु छन, आधुनिक डिजाइन र आकर्षक बुट्टा



राखेर बनाउन सकिने हो भने बजार खोज्नै पर्दैन", उनले भने। चलचित्र छायाङ्कन, साङ्गीतिक कार्यक्रम र नृत्यका लागि मौलिक वेशभूषा तथा सजावटी सामग्रीको माग बढ्दो छ।

यसैलाई ध्यानमा राखी उत्पादनमा आधुनिकता थपेमा स्थानीयमात्र नभई अन्तरराष्ट्रिय बजारसम्म पनि लैजान सकिने सम्भावना रहेको चौधरीको बुझाइ छ।

स्थानीयस्तरमा कच्चा पदार्थ पाइनुका साथै श्रमिक सहज रूपमा पाइने भएकाले न्यून लागतमा उत्पादन गर्न सकिने लक्ष्मण चौधरीले बताए। उनले भने, "थारु समुदाय तराईमा बसोबास गर्ने भएकाले यसरी उत्पादन भएका हस्तकलाका वस्तुहरु सडक र यातायातमार्फत बजारसम्म पुर्याउन सहज छ, यसलाई अवसरका रूपमा उपयोग गर्ने हो भने हस्तकलालाई उद्योगस्तरमा लैजान सकिन्छ।"

उनका अनुसार गाउँमा सुप्पा, गुन्द्री, छतरी अझै बनाइन्छन्। बजारसम्म पुर्‍याउने सीप र लगानी नभएकाले कला ओझेलमा परेका उनको भनाइ छ। सरकारले तालिम र बजारको पहुँच पुर्याइदिने हो भने यसैबाट आम्दानी लिन सकिने उनले बताए।

बजारको मागअनुसार नयाँ डिजाइन बनाउन तालिम चाहिन्छ", युवा व्यवसायी जानकी चौधरीले भने, "अहिले विदेशी बजारमा पनि नेपाली परम्परागत हस्तकलाको माग छ, यसलाई अन्तरराष्ट्रिय बजारसम्म लैजान सकियो भने आम्दानी गर्न प्रशस्त सम्भवना छन्।" "अहिले बजारमा परम्परागत ढाँचाका कपडा, गहना र सजावटी सामग्रीको माग बढ्दो छ", सोभा खुनाले भने, "मौलिक संस्कृतिसँग जोडिएका वस्तुलाई प्राथमिकता दिने प्रवृत्ति बढिरहेको छ, यसले आर्थिक मात्र होइन, सांस्कृतिक पहिचानको संरक्षणमा समेत योगदान दिन्छ।"

थारू हस्तकलालाई प्रतिस्पर्धी बनाउन साना उद्यम, सहकारी संस्था र स्थानीय सरकारबिचको समन्वय अपरिहार्य रहेकामा खुनाले जोड दिए।

बजारमुखी तालिम, लगानी, बजार व्यवस्थापन र निर्यात प्रवर्धन नीति ल्याउन सकिने हो भने थारू समुदायको हस्तकलाले राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिन सक्ने उनले विश्वास व्यक्त गरे।

# एसएसबीले नेपालीलाई भारत प्रवेश गर्न दिएन

–पश्चिम नेपाल संवाददाता
महेन्द्रनगर, २५ भदौ

जेनजी आन्दोलनको मौका पारेर कारागारबाट भागेका कैदीबन्दीहरु नेपाल बाहिर जान नसकुन भनेर नेपाली नागरिकलाई भारत प्रवेशमा रोक लगाइएको छ ।

सुदूरपश्चिमी सीमा नाका गड्डाचौकी र कैलालीको गौरीफन्टा नाका भएर भारत गइरहेका नेपालीलाई एसएसबीले प्रवेश दिएको छैन । माथिको आदेश भन्दै भारत जान नदिएर फर्काएको भारतफर्त हिँडेका नेपालीले गुनासो गरेका छन् । नेपालका कारगारहरुबाट कैदीबन्दी भागेको र उनीहरु भारत भित्रिन सक्ने भएकाले नाकामा कडाइ गरिएको बताइन्छ ।

महेन्द्रनगरको सडकमा नेपाली सेना परिचालित भएको छ । सेनासहित प्रहरी र सशस्त्र प्रहरीले बिहानैदेखि महेन्द्रनगर बजार र आसपासका क्षेत्रमा गस्ती गरिरहेका छन् । अत्यावश्यक काम बाहेक स्थानीयलाई घर बाहिर ननिस्किन आग्रह गरिएको छ । आन्दोलन उग्र बनेपछि मंगलबार महेन्द्रनगरमा सरकारी कार्यालय, नेताहरुको घरमा आगजनी र तोडफोड भएको थियो ।

प्रदर्शनकारीले कारागार पसेर कैदीबन्दीलाई बाहिर निकालेका थिए । नियन्त्रण बाहिर गएको स्थितिलाई सेनाको सहयोगमा सुरक्षाकर्मीले अहिले नियन्त्रणमा लिने प्रयास गरिरहेका छन् । यस्तै कैलालीको धनगढीसँग सीमाना जोडिएको गौरीफन्टा सीमा नाकाबाट भारत प्रवेशमा बुधवार पूर्ण रूपमा रोक लगाइएको हो ।

नेपालमा सोमवार र मङ्गलवार भएको जेन-जी समूहको आन्दोलनका कारण सरकार विहीन रहेको अवस्थामा भारतीय सुरक्षाकर्मीहरूले नेपालीहरूलाई भारत प्रवेशमा रोक लगाएका हुन् । भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नेपालीलाई भारत प्रवेशमा रोक लगाउनुको कारणका विषयमा प्रतिक्रिया दिन मानेनन् । धनगढीका प्रकाश मडैले भारतमा हुने भाषा परीक्षाका लागि दिल्ली जानुपर्ने भएपनि भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले रोकेको बताए । उनले भने, 'मसँग भारतको आधारकाड छैन । भारत प्रवेश गर्न आधारकार्ड चाहियो भन्यो । दिल्लीबाट भाषा परीक्षाको फारम भरेको थिए । तर, परीक्षा दिन जान सक्ने अवस्था भएन । एक वर्षसम्म भाषा पढेको हो। देशमा सरकार छैन् । कोलाई के भनौ ?'

उनीसँग भारतको दिल्लीमा तीन दिनपछि हुने जापनीज भाषाको परिक्षा दिनका लागि तयारी गरेर गौरीफन्टा सीमा नाकामा पुगेकाहरू फर्किएका छन् । भारतमा औषधी उपचारका लागि नियमित जानेहरू पनि फर्किएका छन् ।

भारतमा काम गर्दै आएकाहरूसँगै दैनिक किनमेलका लागि भारतीय बजारसम्म जाने नेपालीहरूलाई समेत रोक लगाइएको हो । तर, भारतीय आधार कार्ड र रासन कार्ड भएकाहरूलाई भने पूर्ण रूपमा चेकजाँच गरेर भारतीय सुरक्षाकर्मीहरूले भारत प्रवेश गर्न दिने गरेका छन् । भारतबाट नेपाल प्रवेशका लागि समेत कडा सुरक्षा र चेकजाँच गर्ने गरिएको छ ।

# कारागारबाट भागेका कैदीबन्दी फिर्ता

–पश्चिम नेपाल संवाददाता
महेन्द्रनगर, २५ भदौ

जेन-जी आन्दोलनका कारण भाद्र २४ गते विभिन्न कारागारबाट भागेका कैदीबन्दीहरुलाई फिर्ता बोलाउने तयारी भइरहेको छ । विभिन्न जिल्लाका कारागारबाट भागेका हजारौं संख्यामा रहेका कैदीबन्दीलाई फिर्ता बोलाउने र नआएका खण्डमा पक्राउ गर्ने तयारी भइरहेका छ ।

**कञ्चनपुर कारागारबाट भागेकामध्ये २१ कैदीबन्दी फिर्ता**

कञ्चनपुर कारागारबाट मङ्गलबार राति फरार भएका मध्ये हालसम्म २१ जना कैदीबन्दी फिर्ता भएका छन् ।

कारागार कार्यालय कञ्चनपुरका निमित्त प्रशासक रामदत्त जोशीका अनुसार कारागारमा कुल ४७९ कैदीबन्दी थिए ।

मङ्गलबार राति करिब तीन-चार सयको सङ्ख्यामा घरेलु हतियारसहित आएका व्यक्तिहरू कारागार प्रवेश गरी मूलगेटको ताला तोडेर कैदीबन्दीलाई भाग्न सहयोग गरेका थिए ।

"भागेका मध्ये २१ जना कारागार फर्किएका छन्," प्रशासक जोशीले भने, "केही कैदीबन्दीहरू सम्पर्कमा छन् र फर्किने बताएका छन् तर कर्फ्यू आदेश जारी भएकाले फर्कन नसकेको जानकारी दिएका छन् ।"

उनका अनुसार हालसम्म सम्पर्कमा नआएका कैदीबन्दीहरूको खोजतलासका लागि प्रहरी परिचालन गरिएको छ । कारागारमा ४५३ पुरुष र २६ महिला गरी कुल ४७९ कैदीबन्दी थिए । जसमा सबैभन्दा बढी १६९ जना



लागुऔषध सम्बन्धी मुद्दाका थिए । यसैबिच जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले सार्वजनिक सूचना जारी गर्दै फरार कैदीबन्दीलाई शीघ्र कारागार कार्यालय वा नजिकैको सुरक्षा निकायमा सम्पर्कमा आउन आग्रह गरेको छ । "सम्पर्कमा नआउने कैदीबन्दीमाथि कानुनअनुसार कडा कारबाही हुनेछ," सूचनामा उल्लेख छ ।

यस्तै जेनजी आन्दोलनको क्रममा कैलाली कारागारबाट बाहिरिएका ६१२ मध्ये एक जना कैदीबन्दी पक्राउ परेका छन् ।

सुरक्षा निकायले पक्राउ परेका कैदीलाई पुनः कारागारमा राखेको जनाएको छ । बाँकी कैदीहरूको खोजी कार्य भने जारी रहेको सुरक्षा स्रोतले जानकारी दिएको छ ।

## डडेल्धुरा कारागारबाट भागेका ३३ कैदीबन्दी पक्राउ

डडेल्धुरा जिल्ला कारागारबाट भागेका ३३ कैदीबन्दी पक्राउ परेका छन् । बुधबार बिहान आन्दोलन गरी कीर्तिपुर डडेल्धुरास्थित कारागारबाट भागेका ८५ कैदीबन्दी मध्ये ३३ जनालाई नेपाली सेनाको सहयोगमा प्रहरीले पक्राउ गरेको हो । भागेका बाँकी कैदीबन्दीहरु खोज्ने क्रम जारी रहेको कारागार प्रमुख सन्तोष भट्टले जानकारी दिए । यहाँको कारागारमा १२७ जना कैदीबन्दी थिए ।

सुदुरपश्चिम विश्वविद्यालय
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
डीनको कार्यालय

**स्नातक तहको प्रवेश परीक्षा र भर्ना सम्बन्धि सूचना।**

मिति: २०८२/०४/२१

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तह तर्फ Bachelor of Arts (BA) र Bachelor of Computer Application (BCA) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ का लागि विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग र तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा नयाँ विद्यार्थी भर्नाका लागि निम्नानुसारको भर्ना कार्यक्रम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | BA | BCA |
|---|---|---|
| प्रवेश परीक्षा फाराम वितरण | २०८२ श्रावण २१ गतेदेखि | २०८२ श्रावण २१ गतेदेखि |
| प्रवेश परीक्षा फाराम बुझाउने अन्तिम मिति | २०८२ भाद्र ३१ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म |
| प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय | २०८२ असोज २ गते विहान ११:३० बजेदेखि | २०८२ भाद्र ३० गते विहान ११:३० बजेदेखि |
| प्रवेश परीक्षा आवेदन शुल्क | रु. १०००/- | रु. १५००/- |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | २०८२ असोज ३ गते | २०८२ असोज १ गते |
| भर्ना अवधि | BCA शैक्षिक कार्यक्रमको हकमा प्रवेश परीक्षाको नतिजामा उल्लेख भए अनुसार र BA शैक्षिक कार्यक्रमको हकमा २०८२ कार्तिक १६ गतेसम्म | |
| अभिमुखीकरण कार्यक्रम | २०८२ कार्तिक १२ गतेदेखि १६ गतेसम्म सम्बन्धित विभाग क्याम्पसले तोकेको मितिमा | |
| कक्षा सञ्चालन | २०८२ कार्तिक १७ गतेदेखि | |
| भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता | BCA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा D ग्रेड सहित न्यूनतम १.८ CGPA प्राप्त गरेको (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पूर्वको नतिजा अनुसार C ग्रेड सहित न्यूनतम २ CGPA प्राप्त गरेको), प्रविणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको । BA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | |

*पुनश्च : कक्षा १२ को पुरक परीक्षामा सहभागी हुने विद्यार्थीहरू समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा BA शैक्षिक कार्यक्रम अन्तर्गत प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । थप जानकारीका लागि मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर/विश्वविद्यालयका आंगिक क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।*

प्रा. डा. राजेन्द्र प्रसाद भट्ट
डीन

लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा
लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेकै जानकारी गराउँदछौं ।
डा. केशव भट्ट
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
डा. शक्ति नृसिंह यादव
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ
डा. प्रशान्त भट्ट
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ
डा. शोमनाथ भण्डारी
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ
डा. निर्मल अमर सिंह थापा
MBBS, MS (General Surgeon)
हाइड्रोशिल, हर्निया, बावाशिर, पेट रोग विशेषज्ञ
लाईफ केयर क्लिनिक
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath

आनन्द हॉसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

डा. भावेश
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in Echocardiology Fellowship in Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ
प्रत्येक दिन

डा. कुलदिप
MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)
प्रत्येक दिन

वरिष्ठ महिला रोग विशेषज्ञ
(OBS & GYNAE)
गर्भवती महिलाओं की नियमित जांच एवं परामर्श
नॉर्मल एवं सीजेरियन डिलेवरी
हाई रिस्क प्रेगनेंसी
समय से पूर्व डिलीवरी
बच्चेदानी का ऑपरेशन एवं महिला रोग से संबंधित समस्त उपचार
परामर्श का समय प्रतिदिन सुबह 10:00 से शाम 5:00 बजे तक



आनन्द चिल्ड्रन हॉस्पिटल
सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा
बाल रोग विशेषज्ञ
डा. रेनुका यादव
MBBS, MD (Paediatric)
• कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
• अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
• एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
• मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज
आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु कैशलेस (निःशुल्क) उपचार व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।
Cont.: 05943-250400, 252700, 9675533333, 9410340585
24 घण्टे

डा. अभिनव कुमार कटियार
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, रसौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ
प्रत्येक मंगलबार

डा. योगेश नागेंदर
MBBS, MD,DM
(Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको तेस्रो बिहीबार)

डा. गणेश बी. एल.
M.Ch (Neurosurgery)DELHI AIIMS (वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो बिहीबार)

चौबिसै घण्टा इमरजेन्सी सुविधा

सुविधाहरू: I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।
आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।
लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ ।
सम्पर्क स्थान: आनन्द हॉसिपटल एण्ड रिसर्च सेन्टर
सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५

कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु (Avian Influenza–H1N1)

# रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिंह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ ।

**बर्ड फ्लु रोगका लक्षणहरुः**
- अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने ।
- कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु
- आँखा र नाकबाट पानी चुहिनु
- सिउर लोती र खुट्टा निलो हुनु ।
- श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु ।
- झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने ।

माथि उल्लेखित लक्षणहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगर पालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुर**

---

# सुदूरपश्चिम विश्वविद्यालय
**केन्द्रीय कार्यालय**
**महेन्द्रनगर, कञ्चनपुर**

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरणः २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालनः २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रमः २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भः २०८२ कात्तिक तेस्रो हप्तादेखि । |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षाः २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमशः २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार

---

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. योगेश नागेंदर
M.B.B.S., MD, DM (Cardiology)
वरिष्ठ हृदय रोग विशेषज्ञ 14 वर्षों का अनुभव
एंजियोग्राफी
पेसमेटर
एंजियोप्लास्टी
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

---

जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर



## नयाँ विद्यार्थी भर्ना सम्बन्धि सूचना

त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था

यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

**तपशिल**

Management 4 years
-Finance
-Accountancy
-Management

Humanities (B.A)
-English
-Rural Devlopment
-Sociology and Anthropology
-Nepali
-Economics
-Social work
-BCA It related subject

Education (B.Ed) 4 years
-English Education
-Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
-Arts (Law)
-Management (Business and Computer)

**हाम्रा विशेषताहरु**
-अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
-विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
-त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाईने
-न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
-जेहेन्दार विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था
-विद्यार्थी केन्द्रित सिकाई प्रणाली

**भर्ना कार्यक्रम**

BBS & B.Edm
**फाराम वितरण र भर्ना** : साउन २३ देखि भदौ १५ गतेसम्म
**कक्षा सञ्चालन** : भदौ १८ गतेदेखि
**कक्षा समय** : बिहान ६ बजेदेखि १०:४५ बजेसम्म
**भर्ना कार्यक्रम** BCA
फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म
**प्रवेश परीक्षा** : भदौ २८ गते
**कक्षा सञ्चालन** : असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



*विस्तृत जानकारीका लागि सम्पर्क*

**जनज्योति बहुमुखी क्याम्पस**
भाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०९६, ९८५८७७५०८३

---

# शिक्षाशास्त्र केन्द्रीय विभाग
**महेन्द्रनगर, कञ्चनपुर**

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

मिति २०८२/०४/२०

सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

तपसिलः

| क्र.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

नोटः
- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैंक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

आवश्यक प्रमाणपत्रहरुः
- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ ।

विभागीय प्रमुख

---

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. गणेश बी. एल.
M.Ch. (Neurosurgery) (DELHI AIIMS)
वरिष्ठ न्यूरो रोग विशेषज्ञ (8 वर्षों का अनुभव)
क्या आपको सिर, गर्दन एवं कमर में दर्द है ?
खटीमा के पहले एंडोवैस्कुलर ब्रेन एवं स्पाईन रोग विशेषज्ञ
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

# जेन–जीलाई निकास दिने कसरी?

**–पश्चिम नेपाल संवाददाता**
**काठमाडौं, २५ भदौ**



भुराभुरी र फुच्चाफुच्चीले यत्रो आन्दोलन गर्लान् भनेर एमालेका सर्वेसर्वा केपी शर्मा ओलीले कहिल्यै सोचेनन् । न त २०४६ को जनआन्दोलनपछि देश हाँक्नेले, न त २०६३ को आन्दोलन तथा जनयुध्द गर्नेले नै देश र जनताका विषयमा गहिरिएर सोचे ।

अनीतिगत गठबन्धनका सरकार बनाएर सत्तामा पुगेर देश लुट्ने बाहेक कुनै पनि दलका प्रधानमन्त्री र नेता भनाउँदाले केही गरेनन्। आपसी झगडामा नै देश लुटिरहे ।

देशलाई बर्बादीमा पुऱ्याउनमा नेपाली कांग्रेसका सभापति र सातौं पटक प्रधानमन्त्री हुन लाइन लागेका शेरबहादुर देउवा, एमालेका आजीवन अध्यक्ष र ४ पटकका प्रधानमन्त्री केपी शर्मा ओली, माओवादीका अध्यक्ष एवं कयौं पटकका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड लगायत नेतृत्वकर्ता र उनका मन्त्री तथा अन्य दलका बाँडिचुँडी भागशान्ति खाने नेताहरू जिम्मेवार छन् ।

जनतालाई कमैया नै ठानेर शासन गर्दै आए । देश र जनताको विषयमा बोल्नेलाई, भ्रष्टाचारको विषयमा बोल्नेलाई शत्रु नै ठाने ।

जेन जी आन्दोलन उत्कर्षमा मात्र पुगेन। सफलताको शिखरतिर पुग्न लागेको छ । जेन जी युवालाई धेरैधेरै हार्दिक बधाई। अबको बाटो कसरी लिने भन्नेतिर गहिरिएर सोचिनु र कदम चालिनु पर्दछ। २०४६ सालको आन्दोलन र २०६३ सालको आन्दोलनपछिका सरकारले झैं दलगत लुट, व्यक्तिगत फाइदा र परिवारवादमै मस्त हुनु नहुनेतिर सोचियोस् ।

अबको सरकार जेन जी आन्दोलनले बनाउनु पर्दछ । अन्तरिम सरकार गठन गरिनु पर्दछ । नेतृत्व आम जनताले पत्याउने हुनु पर्दछ। पुराना दल नजिकका सडे-गलेका कुहिएका अनुहार सहभागी हुनु भएन ।

जेन जी आन्दोलन र आम जनताले पत्याउने तथा क्षमतावान् व्यक्तिको नेतृत्वमा सानो अन्तरिम सरकार बनाउनु पर्दछ ।

त्यस्तै, केपी ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड लगायत अन्य पूर्वमन्त्री सांसद एवं पदाधिकारी कसैलाई पनि विदेश जान दिनु हुँदैन । उनीलाई थुनामा राखेर अनुसन्धान गरिनु पर्दछ । विमानस्थल बन्द गरिनु पर्दछ । निजी हेलिकोप्टर चलाउन दिनु हुँदैन। भारतीय र चिनियाँ सिमाना बन्द गरिनु पर्दछ । कसैलाई पनि भाग्न नदिई थुनामा राखिनु पर्दछ । भ्रष्टाचार गरी कमाइएको अकुत सम्पत्ति तथा कानुन उल्लंघनमा कारबाही गरिनु पर्दछ ।

थुनामा राखेर अनुसन्धान गरिँदा बिरामीको निहुँमा अस्पतालमा भर्ना हुन दिनु हुँदैन। जेलमै बसेर उपचार गराउनु पर्दछ ।

अरु थुनुवाले सरह खाना दिनु पर्दछ। भीभीआईपी खाना र सुविधा दिनु हुँदैन । उनीले अरु थुनुवा र रवि लामिछानेलाई दिए सरह मात्र सुविधा दिनु पर्दछ ।

न्यायपालिका सम्बन्धी परिच्छेदबाहेक संविधानका सबै प्रावधान निलम्बन गरिनु पर्दछ। दुवै सदन निलम्बन र पछि खारेज गरिनु पर्दछ । प्रदेश पनि खारेज गरिनु पर्दछ । सबै तहको भ्रष्टाचार छानबिन गरिनु पर्दछ । २०४६ र २०६३ को आन्दोलनमा ज्यादती गर्ने उपर जस्तै अहिलेको जेनजी आन्दोलनमा ज्यादती गरेकोमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसी, डा आनन्दमोहन भट्टराई वा ईश्वर खतिवडा जस्ता व्यक्तिको अध्यक्षता र संलग्नतामा जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेर छानबिन गरिनु पर्दछ ।

फौजदारी ज्यान मार्ने जस्तो कसूर गरेकोमा कारबाही गर्न गराउन जाँचबुझ आयोगको प्रतिवेदन पर्खनु पर्दैन ।

मानवअधिकार हनन् र १९ जनाभन्दा बढी किशोरको ज्यान लिएकोमा केपी ओली लगायत मन्त्री र सुरक्षा निकाय प्रमुखलाई थुनामा राखेर कारबाही गरिनु पर्दछ। गोली हान्न आदेश दिने सरकार प्रमुख, गृहमन्त्री र आईजीपी नै हुन् ।

## कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु (Avian Influenza–H1N1)

## रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिाह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ ।

**बर्ड फ्लु रोगका लक्षणहरु:**

– अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने । – कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु – आँखा र नाकबाट पानी चुहिनु – सिउर लोती र खुट्टा निलो हुनु । – श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु । – झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने ।

माथि उल्लेखित लक्षणाहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगरपालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ ।

सुदुरपश्चिम प्रदेश सरकार भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

दिपायल,डोटी

## छानको बालुवा र गिट्टी चाहिएमा ।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।

हाम्रा उत्पादनहरू
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

**सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग**
वेदकोट–९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

## के तपाईलाई थाहा छ ?

**–हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । –तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ। –पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracking गर्न सकिन्छ । –साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।**

जिल्ला हुलाक कार्यालय कञ्चनपुर

रमाईलो®
तपाईको स्वास्थ्यको साथी

मैदा

बेकरी, म:म: र नुडल्स को लागी न.१

RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

## पशु क्वारेन्टाइन कार्यालय

### गड्डाचौकी कञ्चनपुर

## सूचना ! सूचना !! सूचना !!!

हालै छिमेकी देश भारतको उत्तराखण्ड प्रदेशको यु.एस. नगर र बागेश्वर जिल्लामा Avian Influenza H5N1 ( Highly Pathogenic Avian infulenza ) ) बर्ड फ्लु देखिएको भनी विभिन्न भारतीय सञ्चार माध्यमबाट प्रकाशित भएको र सो स्थान संकटग्रस्त क्षेत्र घोषणा गरि सकेको र उक्त स्थान नेपालको कैलाली र कञ्चनपुर जिल्लाको सीमा क्षेत्रबाट नजिकै पर्ने हुादा उक्त रोग पन्छीहरुको अति संक्रामक रोथ तथा मानिसमा समेत सर्ने हुँदा उल्लेखित कार्यहरु गर्न गराउन हुन अनुरोध छ ।

**तपशिल**

- स्रोत नखुलेको जिउँदो कुखुरा, चल्ला, मासु, अण्डा अथवा पंक्षीजन्य कुनै पनि वस्तु र ती वस्तुलाई ओसारपसार गरिने विभिन्न माध्यम क्रेट, केज, सवारी साधन आदिलाई पूर्ण निषेध गर्ने गराउने

–त्यस्ता निषेधित पन्छी/पन्छीजन्य उत्पादन तथा अन्य संक्रमित वस्तुलाई नेपालमा बिक्री वितरण नगर्ने/नगराउने

– सम्पूर्ण किसानले आ(आफ्नो फार्ममा आवतवतलाई निषेध गरी जैविक सुरक्षाका विधिलाई कडाईका साथ पालना गर्ने/गराउने

– पंक्षीमा देखिने बर्ड फ्लु रोगका लक्षणहरु जस्तै अत्यधिक मृत्युदर, श्वासप्रश्वासमा समस्या, आाखा नाकबाट पानी जस्तो पदार्थ, सिउर, लोती, खुट्टा निलो रङ्गको हुने जस्ता रोग लागेको लक्षण देखा परेमा वा शंका लागेमा नजिकको पशु सेवा शाखा, पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाइन कार्यालय र पशुपंछी रोग अन्वेषण प्रयोगशाला वा तल उल्लेखित नम्बरमा सिधै सम्पर्क गर्न हुन अनुरोध छ ।

**पुश क्वारेन्टाइन कार्यालय, गड्डाचौकी**
पशु चिकित्सक डा. सजना बम्रेल सम्पर्क नं. ९८५८७७७१३२
इमेल : animalquarentinekanchanpur @gmail.com

**पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढी, कैलाली**
पुश चिकित्सक डा. विशाल चन्द्र सम्पर्क नं. ९८६८५६६०५८, ०९१–५२२१८२
इमेल : rvldhn@gmail.com

## सुदुरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस व्यवस्थापन विभागको प्रवेश परीक्षा सम्बन्धी सुचना

मिति : २०८२।०४।१८

सुदूरपश्चिम विश्वविद्यालयको केंद्रीय क्याम्पस व्यवस्थापन केन्द्रीय विभागमा स्नातक तहका (BBA , BHM र BBS) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक शत्र २०८२।०८३ मा नयाँ विद्यार्थी भर्नाका लागि सञ्चालन हुने प्रवेश परीक्षाको कार्यक्रम निम्नानुसार रहेको सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | आवेदन फाराम वितरण | आवेदन फाराम बुझाउने अन्तिम मिति | प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय |
|---|---|---|---|
| BBA | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २५ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ८:०० बजे |
| BHM | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| BBS | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| भर्नाका लागि न्युनतम शैक्षिक योग्यता | BBA र BHM शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा कम्तीमा D ग्रेड सहित न्युनतम 1.8 CGPA प्राप्त गरेको । (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा कम्तीमा D+ ग्रेड सहित न्यूनतम 1.8 CGPA ल्याएको),प्रविणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको र BBS शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा न्यूनतम D ग्रेड ल्याएको (राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा न्यूनतम D+ ग्रेड ल्याएको) वा न्यूनतम द्वितीय श्रेणीमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने छ । | | |
| प्रश्नपत्रको सरचना | १०० पूर्णाङ्क, समय : १ घण्टा ३० मिनेट र Verbal Ability,Quantitative Ability, General Awareness, Logical Reasoning,Business and Economics सम्बन्धी १०० वटा वस्तुगत प्रश्नहरु । | | |

*नोट : BBA र BHM का हकमा रु. १५०० र BBS का हकमा रु ५०० प्रवेश परीक्षा शुल्क नेपाल बैंक लि मा रहेको यस विभागको खा नं 15600106688945000001 मा जम्मा गर्नुपर्ने छ । कक्षा १२ को परीक्षाको नतिजाको प्रतिक्षामा रहेका विद्यार्थीहरु समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । प्रवेश परीक्षा र भर्ना सम्बन्धी थप जानकारीको लागि व्यवस्थापन केन्द्रीय विभाग महेन्द्रनगरमा सम्पर्क गर्न सकिनेछ ।*

..........................
विभागीय प्रमुख
व्यवस्थापन केन्द्रीय विभाग
सु.प.वि. महेन्द्रनगर

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९–५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९–५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९–५२३९७७